आ.व. ०७६।०७७

वैठक:- नगर कार्यपालिका वैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्या: २२/०७६/७७

मिति:-२०७७।३।८

स्थान:- ता.न.पा सभाहल

समय:- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | [signature] |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | [signature] |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | [signature] |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | — |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | [signature] |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | [signature] |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | — |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | [signature] |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | [signature] |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | [signature] |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | [signature] |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | [signature] |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | [signature] |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | [signature] |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | [signature] |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | [signature] |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | [signature] |

[signature] राज बैजुरे ... प्रशासकीय अधिकृत

[signature] नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला बौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वांसे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |
| श्री शिव थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा १ |

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय भई पेश हुन आएको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र रु.१,१२,८९,६०,७४७- (अक्षेरुपी एकअरव बाहकरोड उनन्ब्वेलाख साठीहजार सातसय सच्चालीस) बराबरको प्रस्तावित बजेट (आय-व्यय विवरण) स्वीकृतिको लागि सातौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका क्षेत्रभित्र अमेरिकन फौजी किराको प्रकोप बृद्धिभई कृषकहरुको मकैबाली नष्ट भएकोले फौजी कीरा नियन्त्रणको लागि औषधी व्यवस्था गर्न कृषि कार्यक्रम शिर्षक अन्तर्गत एग्रो फरेष्ट्री साझेदारी कार्यक्रमबाट खर्च हुने गरी रु.९८,०००। (अक्षरुपी अन्ठान्नब्बे हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालु आ.व.२०७६/०७७ को पानी विजुली शिर्षकमा विनियोजित बजेट नपुग भएकोले सार्वजनिक सम्पत्तीको मर्मत खर्च शिर्षकबाट रु. ३,५०,०००। (अक्षरुपी तीनलाख पचास हजार) पानी विजुली शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ६ स्थित श्री जनपृय मा.वि. वर्तुङ्गमा क्वारेन्टाईन संचालन भएकोले उक्त विद्यालयलाई थप सुरक्षा गर्न छेकावार र च्यानल गेट निर्माणको लागि ता.न.पा.को मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट रु. ७५,०००।-(अक्षरुपी पचहत्तर हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ७ देवकोटा चोकदेखि तानसेन बहुमुखी क्याम्पस वीचको ढाकाराम अधिकारीको घरदेखि देवीनगर टोल जाने सडकको स्तरोन्नती ५०/५० योजना शिर्षकबाट गर्ने निर्णय भएकोमा स्थानीय टोलवासीहरुबाट ५०।५० को योजनामा लागत सहभागिता जुटाउन नसक्ने भनि निवेदन पेश भएकोले ६०।४० योजना शिर्षकबाट सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको विभिन्न वडाहरुवाट खानेपानी पाईपको माग भई आएकोले ता.न.पा. को मागमा आधरित शिर्षकवाट देहाय बमोजिम पाईप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) रिठाखर्क खानेपानी वडा नं. १० | २० एम.एम. | १५० मिटर |
| (ख) सुवेदी टोल खानेपानी „ | २० एम.एम. | १०० मिटर |
| (ग) आम्डाडा खानेपानी „ | ३२ एम.एम. | २०० मिटर |
| (घ) चण्डीथान गैरावारी टोल खानेपानी „ | २० एम.एम. | १५० मिटर |
| (ङ) नारनडाँडा वीसडाँडा खानेपानी वडा नं.५ | २.५ इन्च | १०० मिटर |
| (च) श्रीनगर गणेश मन्दिर खानोपानी वडा नं. ३ | १/२ ईन्च | २०० मिटर |
| (छ) तल्लो अलैचेगैरा खा.पा. वडा नं. १० | २० एम.एम. | १५० मिटर |
| (ज) सितलडाँडा खानेपानी वडा नं. ५ | १ इन्च | २०० मिटर |

दिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

(झ) रानाटोल खानेपानी वडा नं. ५ — १ इन्च — १५० मिटर
(ञ) डीबारी काफलटारी खानेपानी वडा नं. ५ — १ इन्च — २०० मिटर
(ट) बडेआँप तल्लोटोल खानेपानी वडा नं. ८ — १ ईन्च — १०० मिटर
(ठ) जुकिया खानेपानी उपभोक्ता समिति वडा नं. ८ — पौने ईन्च — १५० मिटर
(ड) भुजिनडाँडा खानेपानी वडा नं. ६ — १ ईन्च — १०० मिटर
(ढ) सालघारी खानेपानी वडा नं. ५ — हाप ईन्च — १०० मिटर

**निर्णय नं. ७**

तानसेन स्थित ऐतिहासिक रणउजिरेश्वरी भगवती जात्रा संचालन गर्न रकम माग भई आएकोले उक्त जात्रा संचालन गर्न रु. १ लाख र भगवती मन्दीरको छाना मर्मत गर्न रु. १ लाख गरी जम्मा २ लाख संस्कृती संरक्षण कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ५ अन्तर्गत आँकटुवा वर्रापाटा सिंचाईको लागि पाईप मागभई आएकोले ता.न.पा.को मागमा आधारित शिर्षकबाट रु.२,०००००। (अक्षरुपी दुईलाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिका वडा नं. २ स्थित पाल्पा सि.वि.आरद्वारा सञ्चालित अपाङ्गता भएका वालवालिकाहरुको लागि डे केयर सेन्टर सञ्चालन भएकोमा उक्त सेन्टरलाई विषेश कुर्ची, टेवल तथा डाईपर जस्ता सामाग्री व्यवस्थापन गर्न ता.न.पा.को प्रवर्धनात्मक कार्यक्रमको लक्षित वर्ग क्षमता विकास कार्यक्रम शिर्षकबाट रु.५५,०००। (अक्षरुपी पचपन्न हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकामा सवारी चालकको रुपमा काम गर्ने सुमन बहादुर कुमालको श्रीमती लामो समय देखि सुत्केरी भई अस्पतालमा भर्ना भएको र निजको घरको आर्थिक स्थिति समेत कमजोर भएकोले निजको उपचारको लागि तानसेन नगरपालिकाको हितकारी कोषबाट रु.१०,०००। (अक्षरुपी दशहजार)सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिका वडा नं. ५ वतासेडाँडा देखि सवस्टेशनसम्म हाईटेन्सन लाईन भएको विद्युतीय पोल सार्नको लागि अनुरोध भई आएकोले वर्षातको समयमा उक्त हाईटेन्सन लाईन भएको पोलहरु ढल्ने जोखिमलाई मध्यनजर गर्दै उक्त पोल सार्न नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रलाई अनुरोध गर्ने र लगत इष्टिमेट अनुसारको रकम तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ६ स्थित भीमसेन मन्दिरको रेलिङ निर्माण र मर्मतको कार्य भई रहेकोमा उक्त कार्य सम्पन्न गर्न वजेट अभाव भएको भनि मन्दिर निर्माण उपभोक्ता समितिबाट बजेटको माग भएकोले उक्त योजनाको लागि ता.न.पा.को सांस्कृतिक संरक्षण शिर्षकबाट १५००००। (अक्षरुपी एकलाख पचासहजार) विनियोजन गर्ने निर्णय गरियो ।

दिल्ली राज बेल्बासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

नगर प्रमुख

**निर्णय नं. १३**

तानसेन नगरपालिका र हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेन्ट प्रा.लि.को सहकार्यमा संचालन भएको हाउस किपिङ्ग र वेटर सम्बन्धी ३२ दिने तालिम सम्पन्न भएको र उक्त तालिम संचालन गरेवापत हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेन्ट प्रा.लि.लाई दिनुपर्ने रु. १ लाख ता.न.पा.को प्रवर्द्धनात्मक कार्यक्रमको लक्षित वर्ग क्षमता विकास कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुको मासिक यातायात खर्च वापतको रु. ५३४०००।- (अक्षरुपी पाँचलाख चौतिसहजार) ता.न.पा. प्रवर्धनात्मक कार्यक्रमको घरघरमा स्वास्थ्य सेवा अभियान शिर्षकबाट भुक्तानी गरिएकोले उक्त भुक्तानी रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

(क) आ.व.२०७६।०७७ को शसर्त अनुदानबाट नतिजा तथा कार्यसम्पादनको आधारमा विद्यालयहरुलाई प्रदान गरिने अनुदान तपसीलका सूचकहरुको आधारमा मूल्याङ्कन गरी प्रदान गर्ने तथा कार्यसम्पादनको आधारमा उपलव्ध गराउने अनुदान एकपटक प्राप्त गरेका विद्यालयहरुलाई त्यसको २ वर्ष पछि मात्र उपलव्ध गराउने निर्णय गरियो ।

**तपसील**

| सि.नं. | **कार्यसम्पादन अनुदान वितरणका लागि मूल्याङ्कन सूचकहरु (२०७६/०७७)** |
|---|---|
| १. | शै.स.२०७६ को कक्षा ८ को नतिजा (१५ अंक) |
| | औषत ३.० जिपि वा सो भन्दा माथि भए (१५ अंक) |
| | औषत २.६३ देखि२.९९ जिपि भए (१० अंक) |
| | औषत २.६३ जिपि भन्दा कम भए (५ अंक) |
| २. | एसईई २०७५ को नतिजा (१५ अंक) |
| | ३.० वा सो भन्दा माथि औषत जिपि भए (१५ अंक) |
| | औषत २.३ देखि२.९९ जिपि भए (१० अंक) |
| | औषत २.३० जिपि भन्दा कम भए (५ अंक) |
| ३. | विद्यार्थी संख्याको अंक (१०अंक) |
| | कक्षागत औषत ४५ विद्यार्थी भए (१० अंक) |
| | कक्षागत औषत २३ देखि ४४.९९ विद्यार्थी भए (५ अंक) |
| | कक्षागत औषत २३ भन्दा तल विद्यार्थी भए (२.५ अंक) |
| ४. | शै.स.२०७६ को कक्षा छोड्ने दर वापत (१० अंक) |
| | ० प्रतिशत भएमा (१० अंक) |
| | ५ प्रतिशत सम्म भएमा (५ अंक) |
| ५. | शै.स.२०७६ को कक्षा दोहोर्याउने दर वापत (१० अंक) |
| | ० प्रतिशत भएमा (१० अंक) |
| | ५ प्रतिशत सम्म भएमा (५ अंक) |

शिला राज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

| | |
|---|---|
| ६. | कक्षा १-७ को सिकाई उपलब्धीमा आधारित अंक (१० अंक) |
| | ७० प्रतिशत वा सो भन्दा वढी भएमा (१० अंक) |
| | ६० देखि ६९.९९ प्रतिशत सम्म भएमा (७.५ अंक) |
| | ५० देखि ५९.९९ प्रतिशत सम्म भएमा (५ अंक) |
| ७. | अन्य कार्य सम्पादन मूल्याङ्कनमा आधारित (३० अंक) |
| | ८० प्रतिशत वा सो भन्दा वढी भएमा (३० अंक) |
| | ७० देखि ७९.९९ प्रतिशत सम्म भएमा (२० अंक) |
| | ६० देखि ६९.९९ प्रतिशत सम्म भएमा (१० अंक) |
| कार्यसम्पादनमा आधारित अंक विद्यालय अनुगमनको आधारमा मूल्याङ्कन गरी प्रदान गरिने । | |

(ख) चालु आ.व मा शसर्त अनुदान तर्फ विद्यालय क्षेत्र विकास कार्यक्रमबाट प्राप्त २ कोठे भवन शिक्षा तथा मानव श्रोत केन्द्रबाट प्राप्त ड्रोईङ तथा डिजाईन वमोजिम भुई तलामा वनाउने व्यवस्था भएकोमा शिक्षा कार्यक्रम अन्तर्गत 1 story- 2 room steel structure with steel roof frame को लागत रु. २०,२६,९३९। को जमिनमा बनाउने standred Design शिक्षा मन्त्रालयबाट प्राप्त गरिए अनुसार जमिनमा बनाउन यस तानसेन नगरपालिकाको अधिकांश विद्यालयमा उक्त Design अनुसारको जग्गा उपलब्ध नभएको विद्यालयको हकमा हाल भैरहेको भवनको तल्ला माथि प्राविधिक प्रतिवेदन लिई भार वहन गर्न सक्ने भवन माथि मात्र उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

**तपसिल :**

१. मोहन कन्या मा.वि., ता.न.पा. ४, पाल्पा

२. जनप्रिय मा.वि., बर्तुङ्ग, ता.न.पा. ६, पाल्पा

**निर्णय नं. १६**

तानसेन नगरपालिका वडा नं. ९ मदनपोखरा संगम सहकारी भवन देखी खर्केडाडा जाने सडक ग्राभेलिङ्ग गरी ता.न.पा.को बोलबमको यात्रा सुरक्षित गर्न सांस्कृतिक संरक्षण शिर्षकबाट रु .१००००० (अक्षरुपी एकलाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आ.व.२०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्फ देहाय वमोजिमका पारिश्रमिकमा आधारित सामुदायिक योजना र युवा रोजगारीको रुपान्तरण पहल आयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**क) कामको लागि पारिश्रमिकमा आधारित योजनाहरु:**

| वडा नं | योजनाको नाम | अनुमानित लागत |
|---|---|---|
| १ | देउराली देखि चिलान्दी सम्म नयाँ सडक ट्रयाक तथा नाली निर्माण | १०००००० |
| १ | आरुखर्क देखि धुर्बघाट, रिंगरोड जाने बाटोको नयाँ ट्रयाक निर्माण | १०००००० |
| २ | अमर नारायण फुलबारी तथा सार्बजनिक सौचालय निर्माण | ३००००० |
| २ | राधे राधे हुदै महिला बिकास जानेबाटो निर्माण | ३००००० |
| ३ | श्रीनगर क्षेत्र, काजी धारा जाने बाटो , नाली तथा ढुंगा छाप्ने योजना | १०००००० |

(हस्ताक्षर) टिकाराम ... प्रमुख प्रशासकीय अधिकृत

(हस्ताक्षर) नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | |
|---|---|
| ४ होलाङ्गदी गोलाखाना माथिको ठाडोबाटो निर्माण | ३००००० |
| ४ खड्ग बहादुरको घर देखि दुर्गादेवी कार्कीको घरसम्म अहुरो बाटो निर्माण | ३००००० |
| ५ नयाँघर देखि धुनाघाटसम्मको बाटो निर्माण | १०००००० |
| ५ सपाङ्गदी अर्चले सडक मर्मत | ५००००० |
| ६ सिमलधाराबाट सुर्य कुमालको घर हुदै बाझो बारी किसानको घर देखि निर्मल कनौजेको घर सम्म जानेबाटो निर्माण | १०००००० |
| ६ ता. न. पा कार्यालयबाट तीनधारा सम्म जाने सडक मर्मत | ५००००० |
| ७ कमल पोखरी सरसफाई तथा बाघखोर अधुरो खेल मैदान निर्माण | १०००००० |
| ७ कुन्सरे पक्लुहवा अधुरो खानेपानी सिचाई योजना तथा कुसुम डाँडा मन्दिर निर्माण | १०००००० |
| ८ वृन्दाबनदेखि शिखरडांडा बिपस्यना केन्द्र जोड्ने नयाँ पर्यटकीय पदमार्ग निर्माण | १०००००० |
| ९ दुमै डाँडा सत्यवती मन्दिर जाने नयाँ सडक निर्माण | १०००००० |
| ९ तिन्टीआँप देखि खर्केडाँडा बिर बहादुर रुचालको घरसम्म जाने सडक निर्माण | १०००००० |
| १० बाल कन्या मन्दिर जाने पैदल पर्यटकीय पदमार्ग निर्माण (सिडी रेलिंग सहित ) | ५००००० |
| १० प्रभास गणशाल सुरुङ्गतुंग आम डाँडा मोटरबाटो मर्मत | १०००००० |
| ११ पुजेरीटोल मजुवा सडक निर्माण | १०००००० |
| ११ भालुबन गुफाचौर कृषि सडक निर्माण | १०००००० |
| १२ सुनार घुम्तीदेखि टुडीखेल जानेबाटो निर्माण | १०००००० |
| १२ लल्यौरी गैरा देखि शिद्धगुफा जाने पदमार्ग निर्माण | ५००००० |
| १३ केरवादी बाघखोर मुनि सिचाई पोखरी निर्माण | १०००००० |
| १३ बौघागुम्हा केन्द्रीय खानेपानी योजनाको मूल संरक्षण | १०००००० |
| १४ पुजेरी गाउँ मोटरबाटो निर्माण | १०००००० |
| १४ रौराटोल मोटरबाटो निर्माण | १०००००० |
| **ख) युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजनाहरु:** | |
| १ बामदेब भण्डारीको घर देखि खड्क बहादुरको घरसम्म नयाँ सडक निर्माण | १०००००० |
| १ रानीमहल जानेबाटो देखि बाटो मुनि र पुछारसम्मको सडक मर्मत | १०००००० |
| २ असनटोल तारा खत्रीको घरजाने सडक तथा ढल मर्मत | ३००००० |
| २ प्रदिप उदयको घर देखि भीमसेन मन्दिर निस्किने बाटो चौडा तथा मर्मत | ७००००० |
| ३ ता.न.पा वडा नं ३ को भित्री बाटो मर्मत | १०००००० |
| ४ धनसिंहको घरदेखि बारुदखान नयाँ मालपोत निस्किने बाटो मर्मत | ३००००० |
| ४ ४ नं वडा मा रहेका सार्बजनिक शौचालयहरु मर्मत | २००००० |
| ५ छात्राबास देखि सावाखुम कृषि सडक मर्मत | १०००००० |
| ५ बाँसपोखरा देखि मौरानसम्मको बाटो मर्मत | १०००००० |
| ६ ओम शान्ति देखि तिवारी डाँडासम्मको सडक मर्मत | १०००००० |

शिशिर राज बेल्बासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | |
|---|---|---|
| ६ | भबनदास चौपारी देखि सुन्दरको घरसम्म जाने बाटो मर्मत | १०००००० |
| ७ | ठाँटी बालउद्यान पार्क निर्माण तथा दरबारथुम्का चण्डीस्थान मन्दिर मर्मत | १०००००० |
| ७ | बंशगोपाल पार्क तथा मर्मत तथा व्यबस्थापन | १०००००० |
| ८ | मदनपोखराको देउराली देखि कोकलदेवी जाने पर्यटकीय सडक मर्मत | १०००००० |
| ९ | दमकडा माण्डव्य हुदै माथिल्लो तिन्टीआँप सम्मको सडक मर्मत | १०००००० |
| ९ | दमकडा जोगिनी ढक्रेबास सम्मको सडक मर्मत | १०००००० |
| १० | डुम्रे सुनडाँडा तेल्धा गुफाचौर सडक मर्मत | १०००००० |
| १० | बयरघारी तल्लो गणशाल माथिल्लो गणशाल मोटरबाटो मर्मत | १०००००० |
| ११ | बाफा कुरुङखोला अधुरो कृषि सडक मर्मत | १०००००० |
| ११ | बन्दिपोखरा खानेपानी मर्मत योजना | १०००००० |
| १२ | बतासेडाँडा लुहुङ जोर्ते मोटर बाटो खण्डको देउराली देखि आमडाँडा सम्म सडक मर्मत | १०००००० |
| १२ | मौवा डाँडा अवल मोटरबाटो मर्मत | १०००००० |
| १३ | मियालपोखरी अधुरो सिचाई योजना (गुम्हा ) | ५००००० |
| १३ | गुम्हा देखि छेलुंग जोड्ने मोटर बाटो मर्मत | १०००००० |
| १४ | ठुलापिपल देखि बिचारी चौर हुदै पुलको मुख जाने मोटर बाटो मर्मत | १०००००० |
| १४ | कुसेनी मोटरबाटो मर्मत | १०००००० |

**निर्णय नं.१८**

चालु आ.व.०७६।०७७ मा तानसेन नगरपालिकाको वडाहरुमा संचालित श्रमका लागि राहत कार्यक्रमवाट माग भएका देहायका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| वडा | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | ता.न पा वडा नं. ५ बतासे डाँडादेखि रानीमहल जाने बाटोको नाली सरसफाई | २००००० |
| २ | अमरनारायण फुलबारी सरसफाई तथा चौपारी निर्माण , जिपपार्कबाट बग्ने नाली खोल्ने हाटबजारमा रहेको सौचालयको ढोका मर्मत | २००००० |
| ३ | श्रीनगर क्षेत्रमा गोरेटो बाटो निर्माण | २००००० |
| ५ | कैलाशनगर रानीघाट जाने पदमार्ग निर्माण | |
| ५ | नर्सरी (धरमपानी राउटे डाँडा,सेतिपोखरी) डम्पिंग site ,तथा माथिल्लो धरमपानी क्षेत्रमा नाली निर्माण तथा सफाई | २००००० |
| ६ | आठमुरेदेखि भोटेचौपारी नाली सफाई | |
| ६ | बरको रुखदेखि सुन्दर चोक हुदै बर्तुङ जानेबाटो मर्मत | |
| ६ | बिरेन्द्रपार्क देखि वडा कार्यालय जाने बाटो सरसफाई तथा मर्मत | २००००० |
| ७ | बंशगोपाल पार्क सरसफाई , लामडाँडादेखि ठाँटीसम्म नाली सरसफाई | |
| ७ | बाघखोर खेल मैदानमा नाली सरसफाई तथा कमल पोखरा सफाई | २००००० |
| ८ | पाण्डेखर्कको खरिपानी देखि देउराली जोड्ने मोटरबाटो मर्मत | २००००० |

नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

९ पक्लुहवा चोक देखि अम्ल्यान, सिरसिरे स्याम टंकीसम्म नाली सरसफाई तथा मर्मत २०००००
१० डुम्रे , सुन डाँडा तेल्घा मोटर बाटो मर्मत
१० प्रभास , वृन्दावन गणशाल आमडाँडा सडक मर्मत २०००००
१० बयरघारी तल्लो गणशाल,गणशाल सडक मर्मत २०००००
११ वाँझा पातीखर्क सडक निर्माण
१२ कार्तिके जर्नेटा गिद्द संरक्षण क्षेत्र जानेबाटो निर्माण २०००००
१२ मजुवा कुलो मर्मत २०००००
१३ अर्तुङ्गा सिचाई कुलो मर्मत २०००००
१४ कुसेनी क्षेत्रमा सडक मर्मत

**निर्णय नं. १९**

ता.न.पा. वडा नं. १३ स्थित रानीमहल सरसफाई कार्यको लागि श्रममा आधारित राहत कार्यक्रमवाट खर्च गर्ने गरी रु.१००००० (अक्षरुपी एकलाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेनको पहिचान दिनेगरी जगर्स क्लव तानसेनले Lets Care Tansen लोगो अंकित पोशाकका लागि सहयोग माग गरेकोले उक्त संस्थालाई **ग्रीन तानसेन क्लिन तानसेन** शिर्षकवाट रु. २५०००। (अक्षरुपी पच्चिस हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिका वडा नं. १३ छेर्लुङ्गमा पर्ने तल्लो माथिल्लो कुलो मर्मत गर्न प्राविधिक वाट तयार हुने लगत ईष्टिमेटका आधारमा मागमा आधारित शिर्षकवाट रकम विनियोजन गर्ने र वाँधखोला खानेपानी आयोजना मर्मतका लागि समेत सोही शिर्षकवाट रु. १,७३,०००। (अक्षेरुपी एकलाख त्रीहत्तर हजार) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २२**

तानसेन नगरपालिकावाट देहायका कार्यहरु सम्पन्न भएकोले सो को अनुमोदन गर्ने निर्णय गरियो ।

क) तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने कालीगण्डकी नदीको अर्तुङ्गा बगरबाट नदीजन्य पदार्थ तानसेनसम्म ढुवानी गर्नका लागि मिति २०७६।११।२४ गते नव जनचेतना दैनिक पत्रिकामा प्रकाशित ट्रिपर भाडा सम्बन्धी वोलपत्र आव्हानको सुचना एवं मिति २०७७।०१।१९ गते प्रकाशित संशोधित कार्यतालिका बमोजिम निर्धारित समय भित्र दाखिला हुन आएका वोलपत्रहरुको मिति २०७७।०१।२४ गते बसेको मुल्याङ्कन समितिको बैठकले मुल्याङ्कन समेत गरिसकेकोमा विश्वभर फैलिएको कोरोना भाइरसको (Covid-19) संक्रमणका कारण विषम परिस्थिति सृजना भएकोले निर्धारित समयमा उक्त कार्य सम्पन्न गर्न सम्भव नदेखिएकोले हाललाई यस ट्रिपरभाडा सम्बन्धी वोलपत्रको सम्पुर्ण प्रक्रिया रद्द गर्ने ।

ख) सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाको सूचना बमोजिम तानसेन नगरपालिका भित्र सञ्चालित वाल विकास केन्द्र नमूनाको रुपमा छनौट भई अनुदान प्राप्त गरेमा वित्तिय समानिकरण तर्फको शिक्षा

दिल्ली राज बेल्बासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

शाखाको लागि विनियोजित विद्यालय अनुगमन शिर्षकको बजेटबाट रकमान्तर गरी रु.५०००००।- को २० प्रतिशतले हुन आउने लागत सहभागिता वापतको रु.१०००००।- बाल विकास केन्द्रलाई उपलब्ध गराउने ।

**निर्णय नं. २३**

ता.न.पा वडा नं. ५ सेतीपोखरीदेखि सालघारीसम्मको सडकमा ग्राभेल गर्नको लागि मागमा आधारित शिर्षकबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २४**

बन्दाबन्दीको समयमा नगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा दोहोरो नहुने गरी प्रोत्साहन भत्ता निधारण गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

तानसेन नगरपालिकामा कार्यरत सरसफाईकर्मी **श्री केर बहादुर वि.क.**को घर भत्किएकोले तत्काल वसोसास व्यवस्थापनको लागि ता.न.पा.को विपद् व्यवस्थापन कोषवाट घर निर्माणको लागि रु. १००००। (अक्षरुपी दश हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिका वडा नं. १० निवासी कृष्ण कुमारी लम्तरीलाई आगोले पोली घाइते भई हाल तानसेन मिसन अस्पतालमा उपचार गराई रहेकोमा स्वास्थ्य उपचारको लागि हितकारी कोषवाट रु. १०,०००। ( अक्षरुपी दश हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिकाबाट सञ्चालित १० लाख भन्दा माथिका नगरस्तरीय योजनाहरु चालु आ.ब.मा सम्पन्न नभएमा २०७७ आश्विन मसान्तसम्म सम्पन्न गर्ने गरी क्रमागत योजनाको रुपमा राखी आ.व.०७७।०७८मा जिम्मेवारी सार्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

तानसेन नगरपालिका वडा नं. ५ वस्ने धन बहादुर कार्कीले गाई पालन गर्दै आइरहेकोमा हाल अशक्तताको कारण देखाई गाई पालन गर्न नसक्ने भनी गाई व्यवस्थापन गर्न माग भई आएकोले उक्त गाई गोरुहरुलाई अर्न्तराष्ट्रिय कृष्ण भावनामृत संघ (ईस्कोन) को रुपन्देही तिलोत्तमा स्थित गौशालामा लैजान ता.न.पा.को सांस्कृतिक संरक्षण खर्च शिर्षकवाट रु.३०,०००। (अक्षरुपी तीस हजार) अनुदान दिने निर्णय गरीयो ।

**निर्णय नं. २९**

कारितास नेपालको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु तानसेन नगरपालिका वडा नं. ६ र ९ मा सञ्चालन गर्नको लागि अनुमति दिने । दुवै वडाका २३५ घरधुरीमध्ये ३५ घरधुरीलाई तानसेन नगरपालिकाको कोरोना कोषवाट खर्च वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

तानसेन नगरपालिका भित्रका युवा, दलित र महिला उद्यमीहरुलाई सहुलियतपुर्ण कर्जा उपलब्ध गराउन नेपाल बैंक लिमिटेडसंग सम्झौता गरी संचालन गरिरहेको स्वरोजगार कार्यक्रमको लागि चालु आ.व.को नगर प्रवर्द्धनात्मक कार्यक्रमको स्वरोजगार एवं गरिवी निवारण कार्यक्रम(घुम्ती कोष) शिर्षकवाट

नगर प्रमुख

धिमी राज वेल्वासे
- अधिकृत

Scanned with CamScanner

रु.४५,०००००। (अक्षरुपी पैतालिस लाख) उक्त वैंकमा हाललाई व्याज प्राप्त हुने मुद्धती वा वचत खातामा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

तानसेन नगरपालिकाको आ.व. २०७६।०७७ मा तपशिल बमोजिमका वडास्तरीय स्वीकृत योजनाहरु आगामी नगरसभावाट अनुमोदन हुनेगरी संसोधन गर्ने निर्णय गरियो ।

***१.तानसेन नगरपालिका वडा नं. १***

**हाल कायम रहेको योजना:**

(क) वडा स्तरीय वालवालिका क्षमता विकास कार्यक्रम संचालन रु. ५०,०००।

**संसोधन गरिएको योजना:**

(क) कोराना कोषमा रकमान्तर रु. ५०,००० ।

***२.तानसेन नगरपालिका वडा नं १०***

**हाल कायम रहेको योजना:**

(क) समुदायमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रम रु. १५०००००।-

**संसोधन गरिएको योजना**

स्थानीय क्वारेन्टाइन व्यवस्थापन रु.१५०००००।-

***३.तानसेन नगरपालिका वडा नं. ५***

**हाल कायम रहेको योजना:**

क) तल्लो खल्लुकवोट खानेपानी योजना रु.१,०००००।

ख) दलित सीप विकास कार्यक्रम रु.६०,०००।

ग) ल्याण्डफिल साईट ढल्केवर मो.वा रु.१,०००००।

घ) चिसापानी हुदै पिप्लेटोल कृषि वाटो रु.७५,०००।

**संसोधन गरिएको योजना:**

क) कोरोना रोकथाम तथा नियन्त्रण रु.५०,०००।
भेडिचौर वरको रुख देखि तल्लाघर कुडर मो.वा. रु. ५०,०००।

ख) श्रममा आधारित रोजगार कार्यक्रममा रु.६०,०००।

ग) श्रममा आधारित रोजगार कार्यक्रममा रु.५०,०००।
सेतीपोखरी खानेपानी मुहान संरक्षण रु.५०,०००।

घ) श्रममा आधारित रोजगार कार्यक्रममा रु.७५,०००।

***४.तानसेन नगरपालिका वडा नं. ३***

**हाल कायम रहेको योजना:**

क) मखमलको जुत्ता तथा झोला बनाउने तालिम रु ६०,०००।

ख) स्वास्थ्य सम्वन्धी जनचेतना कार्यक्रम रु. ५०,०००।

नगर प्रमुख

राज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

ग) वालवालिका तथा युवायुवती प्रजनन तथा वातावरण स्वास्थ्य सम्वन्धि कार्यक्रम (वालवालिका लक्षित) रु. ३०,०००।

घ).कानून सम्वन्धी सचेतना कार्यक्रम (महिला लक्षित) रु. ३०,०००।

ङ) आदिवासी जनजाती भाषा सम्वन्धी तालिम रु. ३०,०००।

**संसोधन गरिएको योजना:**

क) विपद् व्यवस्थापन रु. २,०००००।

***५.तानसेन नगरपालिका वडा नं. ८***

**हाल कायम रहेको योजना:**

क)मदनपोखरा कुकुरडाडा देखि पाँडेखर्क मो.वा विस्तार रु. १,००,०००।

**संसोधन गरिएको योजना:**

क) श्रमका लागि राहत कार्यक्रम रु १,००,०००।

***६.तानसेन नगरपालिका वडा नं. १४***

**हाल कायम रहेको योजना:**

क)जेष्ठ नागरिक वुहारी सम्मान र वाल पोषण कार्यक्रमको रु. १,००,०००। मध्य वाकी रु ३२,१,५३।

**संसोधन गरिएको योजना:**

कोरोना रोकथाम तथा नियन्त्रण सामाग्री खरिद रु. ३२,१,५३।

**निर्णय नं. ३२**

गत सातादेखि तानसेन तथा आसपासको क्षेत्रमा अत्याधिक वर्षाको कारण वाढीपहिरोवाट जनधनको ठुलो क्षेती भएकोले आवस्यक राहतको लागि नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

कोभिड-१९ को कारण विद्यालयमा नियमित पठनपाठन गर्न समस्या भएको हुँदा प्याव्सन पाल्पा अन्तर्गतका अस्थायी शिक्षक शिक्षिकाहरुलाई राहत स्वरुप ता.न.पा कोरोना कोषवाट रु. २ लाख वरावरको खाद्यन्न सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

तानसेन नगरपालिका कृषि तथा पशुसेवा शाखावाट ५० प्रतिशतको अनुदानमा वितरण गरिने यान्त्रीकरण सामाग्रीहरु कोभिड-१९ को कारण टेण्डर प्रकृयामा जान नसकेको र समयावधी समेत छोटो भएकोले सो प्रकृयालाई तानसेन नगरपालिकावाट तोकिएको स्पेसिफिकेशन अनुसारको सामाग्री कोटेशन मार्फत खरिदको प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ३५**

ता.न.पा. वडा नं. ६ स्थित श्री कुन्सरे आधारभूत विद्यालयको प्राङ्गणमा सोलिङ्ग र फिल्ड सम्याउनको लागि रकम माग भएकोले तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकवाट रु. ५०,०००। (अक्षेरुपी पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

शिवी राज वेल्वासे
प्रशासकिय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

तानसेन नगरपालिका वडा नं. १० वयरघारी तल्लो गणशालको सडक वर्षातका कारण विग्रन गई यातायात अवरुद्ध भएकोले उक्त सडक ग्राभेलिङ्ग गरी सुचारु गर्न ता.न.पा.को मागमा अधारित शिर्षकबाट रु.१०००००। (अक्षेरुपी एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

तानसेन नगरपालिका वडा नं. ७ स्थित सरस्वती मा.वि. देखि वाँसटारीसम्मको मोटरवाटो निर्माण गर्न ता.न.पा को मागमा आधारित शिर्षकवाट रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

अविरल वर्षाको कारण तानसेन तम्घास सडक अन्तर्गत तानसेन नगरपालिका वडा नं. ११ स्थित वन्दिपोखरा सम्मोवारी नजिक पहिरोमा परि ४ जनाको मृत्यु भई ठुलो जनधनको क्षती भएकोमा यस प्राकृतिक प्रकोपवाट परेको अपुरणीय क्षती प्रति दुःख व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभका साथै दिवङ्गत आत्माको चीर शान्तीको कामना गर्ने निर्णय गरियो ।

नगर प्रमुख

दिल्ली राज बेल्वासे
प्रमुख प्रशा. कीय अधिकृत

Scanned with CamScanner